# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशन मिति : २०७९।५।२३

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो र तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशन मिति : २०७९।५।२३

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत मधेश प्रदेशको कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं. | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६१ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | महिला सदस्य | कुसुम कुमारी साह | ११८५९११४ | महिला | ४० | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| १६२ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | महिला सदस्य | संगिता साह | १२३४५३७७ | महिला | ३५ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| १६३ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | महिला सदस्य | श्यामा देवी | १२४१७८२७ | महिला | ३८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| १६४ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | महिला सदस्य | कोशिला देवी यादव | १२४३००८ | महिला | ७६ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| १६५ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | महिला सदस्य | गंगा देवी मंडल | ११८५८३२० | महिला | ५९ | नेपाली कांग्रेस | पराजित | पेश नगरेको |
| १६६ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | महिला सदस्य | कौसल्या देवी पासमान | ११८५८३९४ | महिला | ५२ | नेपाली कांग्रेस | पराजित | पेश नगरेको |
| १६७ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | महिला सदस्य | जाहिरा खातुन | १२४३१०९२ | महिला | ४६ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |
| १६८ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | रिखो देवी खत्वे | १२३४४८८८ | महिला | ३८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| १६९ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | राम प्रबोध साह सुडी | १२४२८२९९ | पुरुष | ५९ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| १७० | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | संजय कुमार शर्मा | १११०७५९४ | पुरुष | ३९ | नेपाली कांग्रेस | पराजित | पेश नगरेको |
| १७१ | मधेश प्रदेश | धनुषा | लक्ष्मीनिया गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | मन्जु धनिकारनी | १२४२८९३६ | महिला | ३३ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |